नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED

प्रधान कार्यालय
व्यवस्थापन सेवा विभाग

## सूचि दर्ता गर्ने बारेको सूचना

(सूचना प्रकाशित मिति २०७५/०१/२०)

यस बैंकको लागि आगामी आ.व.२०७५/०७६ मा आवश्यक पर्ने तपशिलमा उल्लेखित सामान तथा सेवाहरु आपूर्ति गर्ने प्रयोजनको लागि सम्बन्धित विषयको व्यापार, व्यवसाय वा कारोवार गर्न स्वीकृति प्राप्त भएका इच्छुक विक्रेता, सप्लायर्सहरुको सूचि दर्ता गराउनु पर्ने भएकोले आफुले आपूर्ति गर्ने सामान एवं सेवाहरुको विवरण सहित यस विभागबाट वितरण गरिएको फाराम भरी सूचि दर्ता शुल्क रु.१,०००/- सहित सूचना प्रकाशित भएको मितिले १५ औं दिनको अफिस समय भित्र यस विभागमा दर्ता गराउन हुन सूचित गरिन्छ।

### बैंकलाई आवश्यक पर्ने सामान तथा सेवाहरुको विवरण :-

| सि.नं | विवरण | सि.नं | विवरण |
|---|---|---|---|
| १ | क) छपाई सम्बन्धी कार्य।<br>ख) छपाई डिजाईन सम्बन्धि कार्य। | १३ | मेटल तथा काठका फर्निचर, फ्लोरिङ्ग, फर्निसिङ्ग मर्मत सम्भार कार्य। |
| २ | मसलन्द (स्टेशनरी) सामान आपुर्ति। | १४ | ग्लोवोर्ड, होर्डिङ्ग वोर्ड स्टीकर, लेखन तथा साइन वोर्ड, LED Digital Board आदि आपूर्ति तथा मर्मत कार्य। |
| ३ | कुरियर सेवा (राष्ट्रिय तथा अन्तर्राष्ट्रिय)। | १५ | IT सम्वन्धि उपकरणहरुको आपूर्ति। |
| ४. | कम्प्युटर तथा कम्प्युटरजन्य उपकरणहरु आपुर्ति<br>क) Computer, Laptop तथा सो सम्वन्धि Parts / Accessories<br>ख) Projector, Photocopy, Printer, Fax र Scanners तथा सो सम्वन्धि Parts, र Toner/Cartridge<br>ग) Switch/Router आदि Networking र IT संग सम्वन्धित सामानहरु।<br>घ) CCTV आपूर्ति एवं मर्मत कार्य। | १६ | परामर्श सम्बन्धी सेवा<br>क) Electrical Engineering सम्बन्धी विज्ञहरु<br>ख) Mechanical Engineering सम्बन्धी विज्ञहरु<br>ग) Structure Engineering सम्बन्धी विज्ञहरु<br>घ) Interior Designing सम्बन्धी विज्ञहरु<br>ङ) खरिद सम्बन्धी विज्ञहरु |
| ५ | कम्प्युटर तथा कम्प्युटरजन्य उपकरणहरु मर्मत सम्वन्धि कार्य | १७ | मालसामान दुवानी सम्बन्धी कार्य : Transportation, Public Currier, Air Carrier हवाइमार्ग) |
| ६ | विद्युतीय अफिस उपकरण आपुर्ति<br>क) EPABX, Telephone , Fax<br>ख) Air Condition<br>ग) Note Counting Machine/Fake Note आदि<br>घ) Gold Weighting Machine आदि | १८ | Fire Proof Safe, Vault, Filing Cabinet, Locker मेटल तथा फर्निचर र फिक्स्चर्स आपूर्ति। |
| ७ | विद्युतीय अफिस उपकरण (जस्तै: जेनेरेटर, EPABX, Lift, Air Condition तथा विद्युतीय उपकरणहरु आदि) मर्मत कार्य | १९ | क) सवारी साधन दुई पाङग्रे र चार पाङग्रे को स्पेयर पार्टर्स आपूर्ति कार्य।<br>ख) सवारी साधन दुई पाङग्रे र चार पाङग्रे को मर्मत संभार कार्य। |
| ८. | ठुला विधुतिय उपकरण आपुर्ति तथा मर्मत<br>क) Solar<br>ख) UPS, Stabilizer, Lighting Arrestor | २० | Fire Proof Safe, Vault, Filing Cabinet, Locker मेटल तथा फर्निचर र फिक्स्चर्स मर्मत सम्भार कार्य |

| | | | |
|---|---|---|---|
| | ग) Generator<br>घ) Battery | | |
| ९. | सुरक्षा सम्बन्धी उपकरणहरु (जस्तै साईरन, मेटल डिडेक्टर, फायर, एक्स्टीङ्ग्यूसर आदीको आपूर्ति तथा मर्मत कार्य) । | २१ | विविध सेवा – Plumbing, Carpentry सम्बन्धि मर्मत कार्य |
| १० | आलमोनियम पार्टिशन, भवन निर्माण तथा मर्मत संम्भार रंगरोगन तथा ईलेक्ट्रीकल वायरिङ्ग र नेटवर्किङ्ग कार्य । | २२ | पिउने पानी आपुर्ति कार्य |
| ११ | क) Advertising Agency<br>ख)Audio / Video / Printed Graphics Design / Television Commercial (TVC) Production सम्बन्धी कार्य | २३ | क) खाद्यान्न, सरसफाइ सामाग्री तथा अन्य फुटकर सामान आपुर्ति गर्ने<br>ख) किचेन सामाग्री |
| १२ | Hardware सम्वन्धी सामाग्री आपूर्ति | २४ | हवाईटिकट आपूर्ति ( आन्तरिक र बाह्य ) सम्वन्धि कार्य । |

**पेश गर्नुपर्ने आवश्यक कागजातहरु :-**

- विक्रेता/सप्लायर्सको दर्ता प्रमाण-पत्र र हालसम्मको नविकरण भएको कागजात,
- आ.व.२०७३/०७४ सम्मको आयकर चुक्ता वा दाखिला प्रमाण,
- स्थायी लेखा नम्वर (PAN) तथा मुल्य अभिबृद्धी कर (VAT) दर्ता प्रमाण-पत्र,
- कम्पनी भए प्रवन्धपत्र र नियमावलीको प्रतिलिपी,
- कार्यदक्षताको अनुभव सम्वन्धी प्रमाण-पत्र,
- विक्री गर्ने प्रमुख वस्तु वा सेवाहरु,
- नेपाल सरकार वा बैंक तथा बित्तीय संस्था र अन्य सार्वजनिक संघ/संस्थाहरुमा सामान आपूर्ति गरेको भए सो उल्लेख गर्ने ।

**सूचिकृत हुने सम्वन्धमा थप जानकारीहरु :-**

१. सूचिकृत हुन निवेदन दिनेहरु मध्येबाट ग्राह्य ठहरिएका बिक्रेता/फर्महरुलाई मात्र सूचिकृत गरिनेछ ।

२. सूचिकृत हुनको लागि बैंकबाट बितरण गरिएको फर्म साथ अनुभव लगायतका माथि उल्लेखित कागजात तथा विवरणहरु आफैले प्रमाणित गरी प्रतिलिपी पेश गर्नु पर्नेछ । प्रत्येक फरक सामान आपूर्तिको लागि सि.नं. अनुसार सूचिकृत गर्न अलग अलग निवेदन दिनु पर्नेछ ।

३. सूचिकृत मध्येबाट बैंकले आवश्यक सामान तथा सेवाहरु सोझै खरिद, वा सिलबन्दी कोटेशनको माध्यमबाट खरिद गर्नेछ । बैंकबाट कोटेशन माग भएको अवस्थामा कोटेशन दिनु पर्नेछ ।

४. सूचिकृत भएका विक्रेता/फर्म वा कम्पनीहरुबाट बैंकको आवश्यकता अनुसारको वस्तु खरिद तथा सेवा प्राप्त गर्न सो काममा कोटेशन घटाघटबाट भाग लिन अनुरोध गर्न सकिनेछ ।

५. सूचिकृत हुन चाहने विक्रेता, फर्म/कम्पनीहरुले दर्ता शुल्क वापत रु.१,०००/- (अक्षरेपी एक हजार मात्र) पछि फिर्ता नहुने गरी यस बैंकको काठमाण्डौ बैंकिङ्ग अफिस, धर्मपथ, काठमाण्डौ प्र.का. हिसाव नं.१ मा रकम जम्मा गरेको भौचर पेश गर्नु पर्नेछ ।

६. सूचिकृत भएका सबै बिक्रेता/फर्मबाट सामान वा सेवा खरिद गर्न बैंक बाध्य हुने छैन ।

७. बैंकले बोलपत्रको माध्यमबाट सामान/सेवा खरिद गर्दाको हकमा भने सुचिकृत भएका र नभएका अन्य संस्था/कम्पनीले पनि भाग लिन पाउने गरी कार्य गर्न सक्नेछ ।

८. सूचिकृतमा पर्ने फर्महरुलाई सूचिकृत भएको जानकारी यस बैंकको सुचना पाटीमा टाँस गरिनेछ र बैंकको वेबसाइटमा पनि राखिने छ ।

९. सूचिकृत भएका कम्पनी तथा फर्महरुको सन्तोषजनक सेवा तथा समयमा सामान सप्लाई नगरेको खण्डमा सुचिबाट विना सूचना नाम हटाउन सकिनेछ । यस उपर कुनै दावी विरोध गर्न पाईने छैन ।

१०. यस आ.व. भन्दा पहिले सुचिकृत भएका कम्पनि तथा फर्महरु मध्ये सन्तोषजनक रुपमा सेवा तथा सामान समयमा उपलब्ध नगराउने फर्म तथा कम्पनिहरुलाई यस आ.व. मा सुचिकृत गरिने छैन ।

११. यस सम्बन्धी थप जानकारी आवश्यक परेमा यस बैंकको प्रधान कार्यालय, व्यवस्थापन सेवा विभागमा सम्पर्क गरी जानकारी प्राप्त गर्नका साथै यस बैंकको वेभ साईट **www.nepalbank.com.np** भित्र Notice Board मा हेर्न र फर्म डाउन लोड गर्न सकिनेछ।

१२. कुनै फर्म/विक्रेतालाई सुचिकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा नै निहित रहनेछ।

सुचिदर्ता हुन आवश्यक शर्तहरु

- VAT तथा PAN मा दर्ता भएको हुनुपर्ने
- फर्म / कम्पनि दर्ता भएको न्यूनतम २ वर्ष भएको हुनुपर्ने
- संगठित संघ-संस्थामा न्यूनतम २ वर्ष कारोवार गरेको हुनुपर्ने
- साधारण छपाई सम्बन्धि कार्यको लागि आफ्नै छापाखाना हुनुपर्ने तथा वित्तिय संस्थाको लागी छपाईको कार्य गरेको २ वर्षको अनुभव हुनुपर्ने।

# सूचि दर्ता फाराम

श्रीमान् मुख्य प्रवन्धक,
नेपाल बैंक लिमिटेड,
प्र.का., व्यवस्थापन सेवा विभाग ।

त्यस बैंकको सूचि दर्ता गर्ने बारे मिति २०७५/०१/१३ मा गोरखापत्रमा दैनिकमा प्रकाशित सूचना बमोजिम आ.ब.२०७५/०७६ मा बैंकको लागि आवश्यक पर्ने निम्न बमोजिमको समूहमा निम्नानुसारको वस्तु/सेवाहरु आपूर्ति गर्न मञ्जुरी भएकोले सूचि दर्ता शुल्क रु.१,०००/- प्र.का.१ मा जम्मा गरी भौचर यसै साथ नत्थी गरी पेश गरेका छु/छौं ।

| | | |
|---|---|---|
| १. | फर्म/विक्रेताको नाम | |
| २. | ठेगाना | |
| ३. | सम्पर्क फोन/मोवाईल | |
| ४. | ई-मेल | |
| ५. | फर्म दर्ता नम्वर र मिति | |
| ६. | PAN तथा VAT नम्वर र मिति | |
| ७. | कर चुक्ता दाखिला वर्ष आ.ब. २०७३/०७४ प्रमाण | |
| ८. | सप्लाई, बिक्री गर्ने सामान/सेवाहरको विवरणको सि.नं. उल्लेख गर्ने | **सुचनामा उल्लेख भए बमोजिमको तालिकाको सि.नं. ..............** |
| ९. | गत आर्थिक बर्षमा गरेको कारोवारको कूल रकम (लेखा परिक्षण भएको वित्तीय विवरण वा आयकर विवरणमा उल्लेख भए बमोजिम) | |
| १०. | सप्लाई गर्ने मुख्य मुख्य सामान/सेवाहरु | |
| ११. | नेपाल सरकार/बैंक तथा वित्तीय संस्था र अन्य सार्वजनिक संघ/संस्थाहरुमा सामान/सेवा आपूर्ति गरेका संस्थानहरुको नामावली | |
| १२ | अनुभव | |

नत्थी :- ........ थान ।

**भवदीय,**

**दस्तखत :**
**(व्यक्ति / फर्मको तर्फबाट सहि गर्ने तथा फर्मको छाप)**
**नाम, थर :**
**ठेगाना :**
**मोवाईल नं. :**
**(फोन नं. समेत)**
**मिति :**